नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ ९ गते २०१२ साल

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं १

स्वास्थ्यविभाग–अन्तर्गत दाङ र भोजपुरका दुइ अस्पतालहरूमा तपसील बमोजिम योग्यता र तलबका जम्मा २ डाक्टरहरू चाहिएका छन् । प. प. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१२ साल फाल्गुण १९ गते रोज ६ (२ मार्च १९५६) सम्ममा उमेदवारहरूले तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक घटी गौंडा गोस्वारामा पनि पाइनेछ । दरखास्तसाथ फी पठाउनुपर्दैन ।

पदको विवरण यस प्रकार छ ।

१. पद — डाक्टर गजेटेड, स्थायी तथा पेन्शन पाइने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

२. आवश्यक न्यूनतम योग्यता—एम. बी. बी. एस. वा एम्. बी.।

३. मासिक तलबको स्केल—रु. १८०—३१० र महंगी भत्ता रु. २०।

४. प्रोबेशन काल— ६ महीना।

५. अरु सहूलियत— नसजाएको फ्री क्वार्टर र आउँदाको बाटो खर्च दिइनेछ।

आज्ञाले—

खड्गमान मल्ल,

सेक्रेटरी पब्लिक सर्भिस कमिशन;

सिंहदरबार काठमाडौं नेपाल।

मुद्रण विभाग, सिंहदरबार

266

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।